भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

# भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ३ संख्या : ६ मितिः २०७७/१०/१३

भाग-१

## स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन,२०७६

प्रमाणीकरण मिति : २०७७/१०/१३

प्रस्तावना :

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रूपमा व्यवस्था गरिएकोले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवाप्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा संवर्द्धन गर्न, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ताहित संरक्षण तथा संवर्द्धन सम्बन्धी कानुनी व्यवस्था गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी भीमेश्वर नगरपालिकाको छैठौं नगर सभाले यो स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६ पारित गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस ऐनको नाम "स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७६" रहेको छ ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागूहुनेछ ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क)' "अनुचित व्यापारिक क्रियाकलाप"भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता' भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता संस्था' भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको स्थानीय तहको नगरस्तरीय शाखा समेतलाई सम्झनु पर्दछ ।

(घ) "गुणस्तरहीन वस्तु" भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ ।

(ङ)"गुणस्तरहीन सेवा"भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरूप नभएको भन्ने सम्झनु पर्दछ ।

(च) "तोकिएको बमोजिम"भन्नाले यस ऐन बमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानुनद्वारा तोकिएको भए सो बमोजिम तोकिएको सम्झनु पर्दछ ।

(छ) "नगरपालिका"भन्नाले भीमेश्वर नगर कार्यपालिका सम्झनुपर्दछ ।

(ज) "निरीक्षण अधिकृत"भन्नाले यस ऐनको दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

(झ) "वस्तु"भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने व्स्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ । सो शव्दले मूल्य लिई वा नलिई बिक्रीवितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउनेछ ।

(ञ) "बजार अनुगमन टोली"भन्नाले नगर कार्यपालिकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ट) "प्रदायक"भन्नाले मूल्यवा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

(ठ)"लेवल"भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको टचाग, चिन्ह, तस्बिर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्दछ ।

(ड) "समिति"भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समितिलाई सम्झनु पर्दछ ।

(ढ) "सेवा"भन्नाले, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, यातायात, चिकित्सा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ ।

(ण) "स्थानीय बजार" भन्नाले भीमेश्वर नगरपालिका क्षेत्र भित्रको वस्तु वा सेवा बजार सम्झनु पर्दछ ।

## परिच्छेद २

## स्थानीय बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

३. नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी गर्ने कार्यहरू :

(१)नगरपालिकाले स्थानीयबजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण सम्बन्धी देहायका कार्यहरू गर्नेछ :

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानुन, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ)स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरूक उपभोक्ता तथा नैतिकवान विक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ठ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा बातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,

(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,

(ढ) स्थानीय बजार व्यवस्थापन सम्बन्धी  तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(२) उपदफा(१)बमोजिम कार्यहरू सम्पन्न गर्न नगरपालिकाले सरोकारवालाहरूसंगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजना सहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

## परिच्छेद-३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्व सम्वन्धी व्यवस्था

४. उपभोक्ताको अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्था :

(१)नगरपालिकाले प्रचलित कानुन बमोजिम उपभोक्तालाई  प्राप्त अधिकार सवर्द्धन र संरक्षण गर्नेछ ।

(२) उपदफा(१)बमोजिमको अधिकार संरक्षण र संवर्द्धनका लागि नीति तथा कार्यक्रम तयार गर्नेछ ।

(३) नगरपालिकाले  विश्व उपभोक्ता अधिकार दिवस मनाउन विविध कार्यक्रम सञ्चालन गर्नेछ ।

(४) उपभोक्ताको अधिकार संरक्षण गर्न नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(५) नगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(६) नगरपालिकाभित्र उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम समितिले तोके बमोजिम हुनेछ ।

५ वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व :नगरपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवाप्रदायकले प्रचलित कानुन बमोजिमको दायित्व पूरा गर्नुपर्नेछ ।

## परिच्छेद ४

## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजी सम्वन्धी व्यवस्था

६ व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्था :(१) नगरपालिका क्षेत्र भित्र बिक्रीवितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो कारोवार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमतिलिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्या–पर्यटनसँग सम्बन्धित र्‍याफ्टिङ, क्याननिङ, प्याराग्लाइडिङ लगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमतिलिई कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(३) प्रदायक वा विक्रेताले आफूले सञ्चालन गर्ने कारोबारको प्रचलित संघ र प्रदेश कानुन बमोजिम दर्ता स्वीकृति लिनु पर्ने भएलिएको प्रमाणसमेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा(१) र (२) बमोजिम पेसभएको दर्ता वा अनुमतिको आवेदन उपर नगरपालिकाले छानबिन गरीदर्ता वा स्वीकृत गर्न मिल्ने भएदर्ता वा अनुमति गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा विक्रेताका हकमा दर्ता वा अनुमतिप्रदान गर्नुअघि कुनै निश्चित सर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(६) नगरपालिका भित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानुन बमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता, अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७ दर्ता नवीकरण गर्नुपर्ने : दफा ६ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यापर्यटन जस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिए बमोजिम लाग्ने शुल्कवा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

८.दर्ता तथा अनुमति खारेजी सम्बन्धी व्यवस्था : (१) नगरपालिकामा दर्ता भएका प्रदायक दर्ता वा अनुमति देहायको अवस्थामा समितिले खारेज गर्न सक्नेछ ।

(क) लगातार तीनवर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐन अन्तर्गतको नियमको कम्तीमा तीन पटक उल्लंघन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थानभन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफूले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा बातावरणमा हानि नोक्सानी पुऱ्याएमा,

च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

छ) तोकिएका अन्य कुराहरू ।

(२) दर्ता वा अनुमति खारेजी गर्नुअघि सुनुवाइको मौका प्रदान गर्नेछ ।

(३) उपदफा(१)बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले थाहा पाएको मितिले २१ दिनभित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) प्रदायकदर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. प्रदायकले उद्योग,फर्म,पसल,व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्ने :(१)प्रचलित कानुनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवाप्रदान स्थलको पूर्वाधार तयार गरी प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा(१)बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नुपर्नेछ ।

परिच्छेद ५

अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

१०. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने : कसैले पनि नगरपालिकाभित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाइछिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवाबिक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवाबिक्री गर्ने वा गराउने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१)कमसल वस्तुलाई विशिष्टवा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गर्ने,

(२) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगवाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्नेगरी मूल्यनिर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ)कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्यनिर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसार पसार वा सञ्चय वा बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्मा खोरी गर्ने वा बिक्री गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,

(ट)कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ)उपभोग्यवस्तु उपभोग गरी सक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड)उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ)उत्पादक, आपूर्तिकर्ता, ढुवानी कर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्यव्यक्ति, संघसंस्थाको मिलेमतोबाट लागेको लार्गत र तोकिए भन्दा बढी मूल्यनिर्धारण गर्ने वा बिक्री गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा शृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,

(त)कुनै उपभोग्य वस्तु वा सेवाबिक्रीवाप्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने,

(थ) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

११. बजारको तह निर्धारण सम्वन्धी व्यवस्था: (१) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा(१)बमोजिम तोकिए भन्दा बढी तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्रीवितरण गर्न पाइने छैन ।

१२. आपूर्ति व्यवस्थापन :(१) नगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेताले गर्नु पर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा मागअनुसार उत्पादन, आयात मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी सो को आधारमा सम्बन्धित प्रदायक वा विक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्नेछ ।

(३) नगरपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्यकुनै व्यवस्थापनबाट नगरपालिका भित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा विक्रेताले दिनुपर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गर्नु गराउनु हुँदैन ।

(६) विपद् वा अन्यकुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहजआपूर्ति व्यवस्था नभए सम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. वस्तु र सेवाको बिक्री स्थल सम्बन्धी व्यवस्था :(१) नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमतिप्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा(१)बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४ सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्ने :(१)नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको माल वस्तुलाई कसैले पनि वढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. स्थान र समय निर्धारण गर्न सक्ने : (१) नगरपालिकाले वस्तु वा सेवा वा प्रदायकको बिक्रीवितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सो सम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वापूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमतिप्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. वातावरण सफा र स्वच्छ राख्नुपर्ने : (१) नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले नगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानि, नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबार स्थल,सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्वन्धी व्यवस्था

१७. अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्थाः (१) नगरपालिकाले समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूचीनिर्धारण वा अधिकतम उपभोक्ता मूल्यनिर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२उपदफा (१) बमोजिम नगरपालिकाभित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन ।

(३) उपदफा(१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्था : (१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रूपमा उल्लेख गरी मूल्य सूची राख्नु पर्नेछ ।

(२) उत्पादक वा विक्रेता वा सेवा प्रदायकले खरिद बिक्री सम्वन्धी बिलबिजक दुरुस्त राख्नुपर्नेछ ।

(३) वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई बिक्रेताले बिल दिनु पर्नेछ ।

परिच्छेद७

गुणस्तर सम्बन्धी व्यवस्था

१९. गुणस्तरहीन वस्तु र सेवाको बिक्रीवितरण गर्न नहुने :(१) कसैले पनि नगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री ८ वितरण गर्न हुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ :

(क) तोकिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानिहुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा बिक्रेताले तोके बमोजिमको गुणस्तर नभएको ।

२० लेबल र उपभोग्य म्याद सम्बन्धी व्यवस्था :(१) नगरपालिकाभित्र प्रचलित कानुन बमोजिम लेबल भएको वस्तुमात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण, तथा बिक्रीको लागि राख्नु पर्नेछ ।

(२) गुणस्तरहीन वस्तु वा म्यादगुजेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतका दायित्व सम्बन्धित प्रदायकको हुनेछ ।

परिच्छेद-८

समिति र बजार अनुगमन टोलीको गठन तथाकाम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

२१. बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समिति :(१) यस ऐन कार्यान्वयन गर्न नगरपालिकाभित्र देहाय बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समितिको गठन हुनेछः

(क). नगरपालिकाका उपप्रमुख- संयोजक

(ख) प्रमुखले तोकेको कुनै एक कार्यपालिका सदस्य - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय, दोलखाको प्रतिनिधि (कम्तीमा रा.प.तृतीयश्रेणीको अधिकृत स्तर) - सदस्य

(घ)नगरपालिकाको क्षेत्रभित्र कार्यरत विभिन्न वस्तु र सेवा क्षेत्रका नगर, संघीय वा प्रदेश सरकार अन्तर्गतका कार्यालयका प्रतिनिधि (कम्तीमा रा.प.तृतीयश्रेणीको अधिकृत स्तर)- सदस्य

(ङ) भीमेश्वर नगरपालिका उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(च) उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाको नगर अध्यक्ष वा प्रतिनिधि - सदस्य

(छ) नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाका प्रमुख वा निरीक्षण अधिकृत - सदस्य सचिव

(२) उपदफा(१) को खण्ड (ङ) र (च) को नियुक्ति र पदावधि तथा समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. समितिको काम कर्तव्य र अधिकार : (१) समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क)उपभोक्ताहित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्यांक संकलन गरी माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गर्ने लागू गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचनाप्राप्त गर्न नगर उपभोक्ता हटलाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई तिन लाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमन सम्बन्धी कामको मूल्यांकन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) भीमेश्वर नगरपालिका नगर कार्यपालिकाले दिएको अन्यनिर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ताहित विपरीत भएका कार्यमा आवश्यक कानुनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) नगरपालिकाभित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी मागअनुसारको आपूर्ति व्यवस्थापन गर्ने, गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, विक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्यवृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहजरूपमा खाद्यान्न लगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजीफर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ)कुनै ठाउँविशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) नगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्यवस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिक्री वितरणको व्यवस्था गर्ने,

(त)थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ)उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागिकुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द)उपभोग्य वस्तुको बिक्रीवितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(न)आवश्यकता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

(प)नगरपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेश स्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्ने वा लेखी पठाउने ।

(न) समितिका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ ।

४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

२३. बजार अनुगमन टोलीको गठनः (१) यस ऐन बमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्यसूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा

नियमित रूपमा बजार अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको भीमेश्वर नगरपालिका बजार अनुगमन टोली गठन हुनेछ ।

क. नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाको प्रमुख- संयोजक

ख. सम्बन्धित वडा समितिको कार्यालयले अनुगमनका लागि तोकेको कर्मचारी - सदस्य

ग. स्थानीय प्रशासनको प्रतिनिधि -सदस्य

घ. स्थानीय सुरक्षा निकाय (नेपालप्रहरी) को प्रतिनिधि - सदस्य

ङ. समितिले मनोनयन गरेको नगरमा क्रियाशील उपभोक्ताहित संरक्षणसँग सम्बन्धित संस्थामध्येबाट एक जनामहिला सहित दुई जना -सदस्य

च. भीमेश्वर नगरपालिका उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना - सदस्य

छ. पत्रकार महासंघ दोलखा शाखाका प्रतिनिधि एक जना - सदस्य

ज समितिले मनोनयन गरेको सम्बन्धित वस्तु वा सेवा क्षेत्रको बिज्ञ वा जानकार प्रतिनिधि एक जना- सदस्य

(२) उपदफा(१)बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) बजार अनुगमन टोलीको कामकर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधा र भत्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९
## बजार अनुगमन सम्बन्धी व्यवस्था

२४. बजार अनुगमनमा हेर्नुपर्ने विषयः(१)बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा देहायका विषय भए नभएको हेर्नुपर्नेछः

(क) विक्रेता वा सेवाप्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखानम्बर(पान) को प्रमाणपत्र लगायतका आवश्यक कागजातहरू लिएको छ/छैन? प्रमाणपत्र नियमित रूपमा नवीकरण छ/छैन ?

(ख) विक्रेता वा सेवाप्रदायकले आफ्नो व्यवसायको नगरपालिकाले तोके बमोजिमको साइनबोर्ड राखेको छ/छैन ?

(ग) सेवाप्रदायकले वस्तुको बिक्री कक्षमा मूल्य सूची राखेको छ/छैन ?

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ /छैन?

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन (च) औषधि बिक्री गर्न इजाजत प्राप्त व्यक्ति औषधि बिक्री स्थलमा भए/नभएको एवं औषधि बिक्रेता प्रमाणपत्र छ /छैन?

(छ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ वा छपाइ गरेको छ/छैन ?

(ज) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछा, मासु बिक्री स्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन ?

(झ)विक्रेताले क्रेतालाई वस्तुको बिलबिजक जारी गरेको छ/छैन ?

(ञ) अन्य तोकिए बमोजिमका कुराहरू

(२) बजार अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा देहायको विषयमा ध्यान दिनु पर्नेछः

(क) अनुगमन भ्रमणको टिपोट सम्बन्धी फाराम साथ लिई जानु पर्नेछ ।

(ख) अनुगमन भ्रमण सम्बन्धी सूची (चेक लिस्ट) साथ लिई जानु पर्नेछ ।

(ग) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमनपूर्व वा अनुगमनपछि सूचना गर्न तयारी गर्नुपर्नेछ ।

(घ) अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार गर्नुपर्नेछ ।

(ङ) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(च) अनुगमन वा निरीक्षण गर्न जानु अगावै, तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्वतयारी गर्नु पर्नेछ ।

(छ) आकस्मिक/आवधिक/प्रवर्द्धनात्मक/उद्देश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनीयता कायम गर्नुपर्नेछ ।

(ज) अन्य तोकिए बमोजिमका कुराहरू ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग तोकिए बमोजिमको व्यवहार गर्नुपर्नेछ ।

(४)अनुगमन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

२५ आचार संहिताः अनुगमन गर्दा तोकिए बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद १०

## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

२६. निरीक्षण अधिकृतको नियुक्ति : (१) नगरपालिकाले प्रचलित कानुन वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रूपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ ।

(२) नगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानुन वा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्तिहुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७.. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार : निरीक्षण अधिकृतको अन्यकाम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क)उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवाप्रदान गरेको ठाउँमा प्रवेश गर्न,

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वा सेवाप्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वाकुनै सेवाप्रदान गर्ने व्यक्तिसँग वा सो सँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगश(ालामा परीक्षण गर्न लगाउने,

(ङ) कुनै उपभोग्यवस्तु वा सेवाको तत्काल उत्पादन, बिक्रीवितरण वा सेवाप्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने,

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने,

(ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादन स्थल, गोदाम र पसलको खानतलासी गर्ने,

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२८. निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि : निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि प्रचलित कानुन बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## कसुर र सजाय सम्बन्धी व्यवस्था

२९.कसुर गरेको मानिने : कसैले देहायको कामकारबाही गरे गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः

क) दफा ६(१)वा (२) बिपरीत दर्ता वा अनुमति नलिई कारोवार सञ्चालन गरे, गराएमा ।

ख) दफा७बमोजिमनवीकरण नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

ङ) दफा ११(२) बमोजिम तोकिए भन्दा बढी बजार तह कायम गरी बिक्री बितरण गरे, गराएमा ।

च) दफा १२(४) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गरे, गराएमा ।

छ) दफा १३(१) बमोजिम नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्रीवितरण गरे, गराएमा

ज) दफा१३(२)बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे, गराएमा ।

झ) दफा १४(२) बिपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

ञ)दफा १६(१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

ट) दफा १७ (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी वस्तु वा सेवाबिक्री गर्न गरे, गराएमा ।

ठ) दफा १८ बमोजिमको कार्य पुरा नगरेमा ।

ड)दफा १९(१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे, गराएमा ।

३०. जरिबाना सम्बन्धी व्यवस्थाः (१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिबाना गर्न सक्नेछ :

(क) खण्ड (क), (ग) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ख) ) खण्ड (ख), (छ),(ज), (झ) र (ठ)बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५हजार रुपैयाँसम्म ।

(ग) ) खण्ड (घ), (च) ,(ञ), (ट) र (ड)बमोजिमको कसुर गर्ने वा गराउनेलाई १५हजार रुपैयाँदेखि दुई लाखरुपैयाँसम्म ।

(२) निरीक्षण अधिकृतले यस दफा बमोजिम जरिबाना गर्नुपर्ने कारण र जरिबाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा(१)बमोजिम जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिबाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ :

(क) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिल बन्दी गरेर राख्ने,

(ख) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तु समेत रोक्का राख्ने,

(४) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५दिन भित्र जिल्ला अदालत वा उपभोक्ता अदालत समक्ष पुनरावेदन गर्न सक्ने ।

(५) अन्य दफाहरूमा जेसुकै लेखिएपनि यस ऐनबमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा वाहेक कम जरिबानासम्म हुनसक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकारी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति, बजार अनुगमन समिति वा नगर बजार निरीक्षण अधिकृतले एउटा प्रदायकलाई बढीमा फरक फरक प्रकृतिको कसुरमा गरी बढीमा दुई पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगन गर्न सक्नेछ ।

३१. सजाय सम्बन्धी अन्य व्यवस्था : (१)दफा ३० मा उल्लिखित जरिबाना सम्बन्धी व्यवस्था बाहेकको कसुरमा प्रचलित नेपाल कानुन बमोजिम सजाय हुनेछ ।

(२) यस ऐनबमोजिम गरिएको जरिबानाले प्रचलित कानुन बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

परिच्छेद-१२

उजुरी तथा तहकिकात सम्बन्धी व्यवस्था

३२. उजुरी दिन सक्ने :

(१) यस ऐन वा यस ऐनअन्तर्गतको नियमविपरीत कुनै प्रदायकले कुनै कसुर गरेको पाइएमा नगरपालिका वा समिति वा टोली वा निरीक्षण अधिकृत समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा(१)बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्यकुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा .समिति वा बजार अनुगमन समिति वा बजार अनुगमन टोलीले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखितरूपमा उजुरी दिन सक्नेछ ।

३३ सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाउन सक्ने : (१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानुन बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानबिन र अनुसन्धानका लागि लेखि पठाउन सक्नेछ ।

(२) उपदफा(१)बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाएको बिषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

३४प्रचलित कानुन बमोजिम मुद्दा चलाउन बाधा नपुग्ने : यस ऐन बमोजिम कसुर ठहर्ने कसुर अन्य कानुनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानुन बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

३५ सूचनादिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने : (१) यस ऐन बमोजिमको कसुरमा सूचनादिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुलभएको बिगोको २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइनेछ ।

(२) यस ऐनबमोजिमको कसुरका सम्बन्धमा सही सूचनादिने र अनुसन्धान काम कारबाहीमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थालाई सूचना संकलन गर्दा वा सूचना दिँदा लागेको उचित खर्च रकम नगरपालिकाले प्रोत्साहन स्वरूप दिनेछ ।

(३) यस दफा बमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ ।

परिच्छेद -१३

विविध

३६. समितिको कार्यक्रम तथा बजेटः

(१) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ताहित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) नगरपालिकाले बजार .व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ताहित सरक्षणसँग सम्बन्धित संघसंस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

३७.	स्थानीय प्रशासनको कर्तव्यः समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

३८.	असल नियतले गरेका काम बचाउ : यस ऐन बमोजिम बजार अनुगमन गर्दा असलनियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाही हुने छैन ।

३९.	नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने :(१)यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) नगरपालिकाले यस ऐन र यस ऐन अन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

मान बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत